कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

## आ.व. २०८२/०८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८३/०३/२४

(१) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क को उपदफा (१) मा "प्रत्येक सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्ने" कानूनी व्यवस्था रहेको छ।

(२) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फाराम भरी ***४X९ ईन्चको खाम*** बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ।

**आ.व. २०८२/०८३ को सम्पत्ति विवरण बुझाउने खाममा लेख्ने विवरणको ढाँचा**

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बर : | ङ. श्रेणी/तह : |
| ख. नाम, थर : | च. कार्यरत कार्यालय : |
| ग. पद/दर्जा : | छ. मोबाइल नं. : |
| घ. सेवा/समूह : | ज. ई-मेल ठेगाना : |

(३) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरुले (कर्मचारी संकेत नम्बर प्राप्त गरेका वा नगरेका) र लोक सेवा आयोगबाट आ.व. २०७५/०७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरुले स्थानीयतह मार्फत प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण तोकेको समय भित्र बुझाउनु पर्नेछ।

(४) सम्पत्ति विवरण बुझाउँदा नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोकेबमोजिम सम्बन्धित निकायका पदाधिकारी/कर्मचारीहरुले सोही सूचानामा तोकेको तत् तत् निकायमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ। तर साविकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका सरकारी कर्मचारीहरुले साविक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

(५) बुदाँ नं. ४ बमोजिम जिल्ला समन्वय समिति, गाँउपालिका, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा बुझाएका सम्पत्ति विवरणहरुको अभिलेख तत् तत् निकायले राखी प्रत्येक बन्दीखामको बाहिर सम्बन्धित निकायको छाप सहित दर्ता मिति, दर्ता नं. र राष्ट्रिय सतर्कता केन्द्रको वेवासाइटमा तथ्याङ्क प्रविष्टि गरी सके पश्चातको सि.नं. समेत उल्लेख गरी सिलसिलेबार रुपमा राखी सम्बन्धित निकायको पत्र, राष्ट्रिय सतर्कता केन्द्रको वेवासाइट www.nvc.gov.np मा Online entry गरेको सूची साथ बन्दी खामहरु तोकिएको समय भित्र यस कार्यालयमा पेश गरी सक्नुपर्नेछ र सम्बन्धित कार्यालयबाट प्रणालीमा प्रविष्टि नगरी व्यक्तिगत रुपमा (स्थायी बाहेक) हुलाकबाट षठाइएका सम्पत्ति विवरण अभिलेखमा दर्ता हुने छैन र तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई ***१०,००० (दश हजार) जरीवाना*** हुने व्यहोरा समेत जानकारी गराईन्छ।

(६) अध्ययन, असाधरण र अन्य विदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ। तोकिएको समय पछी प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन।

सचिव